# धुलिखेल नगरपालिका कार्यालय

## काभ्रेपलाञ्चोक, धुलिखेल

### प्रथम पटक प्रकाशित मिति: २०७३/०१/०८

### भवन डिजाईनर तथा कन्सल्टेन्सी सूची दर्ता सम्बन्धी सूचना

२०७२ साल वैशाख १२ गते आएको बिनाशकारी भूकम्प पश्चात्त नेपाल सरकारद्धारा अब निर्माण हुने भवनहरु **"भवन निमार्ण आचार संहिता"** **(Building Code)** अनुसार निर्माण गर्न परिपत्र भए अनुसार यस धुलिखेल नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुमा आ.व. २०७२/७३ देखि **"भवन निमार्ण आचार संहिता"** लागु हुने हुँदा भवन निर्माण प्रयोजनार्थ यस नगरपालिका कार्यालयमा नक्शापासको लागि पेश हुने नक्शा यस नगरपालिकाद्धारा सूचीकृत प्राविधिक तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सीहरुबाट मात्र तयार गरी पेश गर्न सकिने व्यवस्था भएको हुँदा सो कार्य गर्न ईच्छुक प्राविधिक तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सीहरुलाई १५ दिन भित्र धुलिखेल नगरपालिकामा सूचीकृत हुन दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

भवन ऐन , २०५५ मा भवनको बर्गिकरण भए अनुसार वर्ग "क", "ख", "ग" र "घ" को लागि ईन्जिनियरिङ्ग कन्सल्टेन्सी मार्फत र बर्ग "ग" र "घ" को लागि ईन्जिनियरिङ्ग कन्सल्टेन्सी वा योग्यता पुगेका प्रविधिकले व्यक्तिगत रुपमा पनि नक्शा तयार गर्न सकिने छ ।

दरखास्त दिनको लागि तयार गरिएको आबेदन फारम यस नगरपालिका कार्यालयको राजश्व प्रशासन शाखाबाट रु.१००।- (एकसय मात्र) तिरी प्राप्त गर्न सकिनेछ । ईन्जिनियरिङ्ग कन्सलटेन्सी वा व्यक्तिगत सूचीकृतको लागि छुट्टाछुट्टै फाराम भर्नु पर्नेछ । अन्य जानकारीको लागि कार्यालय समय भित्र धुलिखेल नगरपालिका कार्यालय, शहरी विकास शाखामा राख्न सकिने छ ।